# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २८ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- मुख्यमंत्री ममता बनर्जीले आज बोलपुरमा एसआईआर को सन्दर्भमा बूथ लेवल ऑफिसर्सलाई कसैको नाम मतदाता सूचीबाट नहटाउन निर्देश दिनुभएको छ।
- विधानसभाका नेता प्रतिपक्ष शुभेंदु अधिकारीले बांग्लादेशसित जोडिएको सिमावर्ती जिल्लाहरुमा मतदाता सूचीमा नाम जोड़नका लागि फॉर्म-6 आवेदनहरुमा भएको वृद्धिलाई लिएर गंभीर चिंता जताउनु भएको छ।
- दार्जीलिङ जिल्ला अस्पतालमा ओपीडी कक्षमा गुनासो एवं परामर्श डेस्क शुरु गरिएको छ।
- मिरिक विद्युत विभागले बिजुली आपूर्तिमा भइरहेको अनियमितता बारेमा उपभोक्ताहरुलाई स्पष्टीकरण दिएको छ।
- राज्यमा आगामी केहि दिनसम्म भारी वर्षा जारी रहने मौसम बिभागले जनाएको छ।

**एसआईआर- बंगाल**

एसआईआर को माध्यमद्वारा पश्चिम बंगालमा लाखौ मतदाताहरुको नाम मतदाता सूचीबाट हटाइने आशंका जताइ सकेका मुख्यमंत्री ममता बनर्जीले आज बोलपुरमा बूथ लेवल ऑफिसर्सलाई कसैको नाम मतदाता सूचीबाट नहटाउन निर्देश दिनुभएको छ। मुख्यमंत्रीले स्पष्ट गर्नुभयो कि बीएलओ राज्य सरकारको कर्मचारी हो। वास्तवमा बिहारमा मतदाता सूचीको एसआईआर शुरू भैसकेको छ। चुनाव आयोगले संकेत दिइ रहेको छ कि बंगालमा पनि यस्तै हुनेछ। राज्य विधानसभाका नेता प्रतिपक्ष शुभेंदु अधिकारी समेत भाजपा नेताहरुले बंगालको मतदाता सूचीमा न्यनतम एक करोड़ बांग्लादेशी घुसपैठ रहेको दाबी गरिरहेका छन्। यसका साथै उनीहरुको नाम हटाइयो भने तृणमूल कांग्रेसको सरकार नटिक्ने पनि भाजपा नेताहरुको भनाइ छ।उल्लेखनीय छ कि बंगालमा हालसम्म एसआईआर आधिकारिक रुपमा शुरू भएको छैन तैपनि यस संबंधमा बूथ लेवल अधिकारिहरुको प्रशिक्षण शुरू भएको छ। यस्तोमा, मुख्यमंत्री ममता बनर्जीले भन्नुभयो "बीएलओसित कसैको नाम मतदाता सूचीबाट नहटाई दिने अनुरोध गरिनेछ।"

**शुभेंदु अधिकारी**

पश्चिम बंगाल विधानसभाका नेता प्रतिपक्ष शुभेंदु अधिकारीले बांग्लादेशसित जोडिएको सिमावर्ती जिल्लाहरुमा मतदाता सूचीमा नाम जोड़नका लागि फॉर्म-6 आवेदनहरुमा अचानक भएको वृद्धिलाई लिएर गंभीर चिंता जताउनु भएको छ।उहाँले यस मामिलाको जांचका लागि भारतका मुख्य निर्वाचन आयुक्तलाई पत्रचार गर्नुभएको छ। एक दिन अघि लेखिएको आफ्नो पत्र श्री अधिकारीले आज माइक्रो ब्लॉगिंग साइट एक्स मा शेयर गर्नुभएको छ।उहाँले पत्रमा बताउनुभएको छ कि पछिलो सप्ताह यी सीमावर्ती जिल्लाहरुबाट लगभग 70 हजार फॉर्म-6 आवेदन जमा गरियो, जबकि सामान्यतः यो संख्या 20 हजार देखि 25 हजार बीच हुने गरेको छ। यो असामान्य वृद्धिले संदेह जन्माएको उहाँको विचार छ।उहाँले संकेत गरेका जिल्लाहरुमा कूचबिहार,

अलीपुरद्वार, जलपाईगुड़ी, मालदा, उत्तर दिनाजपुर, मुर्शिदाबाद, नदिया अनि उत्तर एवं दक्षिण 24 परगना सामेल छ।श्री अधिकारीले आरोप लगाउनु भएको छ कि राज्य सरकार द्वारा डोमिसाइल प्रमाणपत्र जारी गरिने खबरसितै यो अचानक वृद्धि एक सुनियोजित योजनाको एक भाग हुनुसक्छ, जसको माध्यमबाट रोहिंग्या मुसलमान अनि बांग्लादेशी घुसपैठलाई वैध गरी मतदाता सूचीमा शामिल गरिरहेको छ। उहाँले यसलाई "अनैतिक र अवैध प्रयास"को संज्ञा दिनु भएको छ अनि भन्नुभएको छ यसले लोकतंत्रको आधारलाई कमजोर गर्नेछ।उहाँले मुख्य निर्वाचन आयुक्तबाट 25 जुलाई 2025 पछि राज्य सरकार द्वारा जारी कुनैपनि डोमिसाइल प्रमाणपत्र विशेष गहन पुनरीक्षणको समय स्वीकार नगर्ने मांग गर्नुभयो|उहाँले पत्रमा भन्नुभएको छ, "हाम्रो लोकतन्त्रको पवित्रतालाई सुरक्षित राख्नुपर्छ र भोट बैंकको राजनीतिको लागि यसलाई कमजोर पार्न सकिँदैन। जिल्ला निर्वाचन अधिकारीहरूले यो कुरा बिर्सनु हुँदैन कि उनीहरूको प्राथमिक जिम्मेवारी पनि स्वतन्त्र र निष्पक्ष चुनाव सञ्चालन गर्नु हो र उनीहरूको इमान्दारिता देशप्रति छ।"समरण रहोस बिहारमा विशेष गहन संशोधनको प्रक्रिया पहिले नै सम्पन्न भइसकेको छ र अब यो प्रक्रिया अगस्टको पहिलो हप्तामा पश्चिम बंगालमा सुरु हुने सम्भावना छ। यसैबीच, सत्तारुढ तृणमूल कांग्रेसले यस प्रक्रियाको विरोध गरिरहेको छ र यसलाई पश्चिम बंगालमा एनआरसी (राष्ट्रिय नागरिक पञ्जीकरण) लागू गर्ने अप्रत्यक्ष प्रयास भनेको छ।

## जिल्ला अस्पताल

दार्जीलिङ जिल्ला अस्पतालमा ओपीडी कक्षमा गुनासो एवं परामर्श डेस्क शुरु गरिएको छ। जनगुनासो एवं परामर्शअनुसार स्वास्थ्य परिसेवामा सुधार गरेर लगिने जीटीए डेप्युटी चियरम्यान राजेश चौहानले बताउनुभएको छ। यसको लागि ओपीडी कक्षामा आजदेखि गुनासो एवं परामर्श डेस्क शुरु गरिएको उहाँले बताउनुभएको छ। स्वास्थ्य एवं परिवार कल्याण विभागअन्तर्गत शुरु गरिएको उक्त डेस्कमार्फत जनसाधारणले स्वास्थ्यसम्बन्धित सबै प्रकारको गुनासो अनि सुझाउहरु सोझै जीटीए सभामुखकहाँ राख्न सक्ने बताइएको छ।जिल्ला अस्पतालको लागि केही दिन आइपुगेको नयाँ एमआरआई मेशिनको जडान कार्य सुचारु रुपले चलिरहेको जानकारी पनि गराउनुभएको छ भने हाल परिसेवा ठप्प रहेको लिफ्ट पुन: शुरु गर्न टेण्डर गरिएअनुसार काम भइरहेको जानकारी गराउनुभयो।

## खरसाङ अस्पताल

खरसाङ महकुमा अस्पतालमा आज क्षयरोगमुक्त अभियानलाई लिएर सचेतना कार्यक्रम साथै क्षयरोगका बिमारीहरुलाई पोषणयुक्त खाद्यान्न वितरण कार्यक्रम सम्पन्न भएको छ। भारत सरकार र पश्चिम बंगाल सरकारबाट क्षयरोगमुक्त अभियान घोषणा गरिएपछि ईण्डियन रेड क्रस सोसाइटी, खरसाङ महकुमा अस्पतालको टिवी युनिट बसेर यस अभियानलाई अघि बढाउने सोच भएपछि खरसाङ महकुमा शासकको निर्देशनमा यो कार्यक्रम सम्पन्न भएको बताइएको छ। कार्यक्रम ईण्डियन रेड क्रस सोसाइटीको आयोजना तथा खरसाङ व्यवसायी संगठन, ईण्डियन रेड क्रस सोसाइटी, सन्त अल्फन्सेस 1986 को ब्याजकाहरु र डेपुटी म्याजिस्टेटको रामकृष्ण मिशनका 1998 ब्याजकाहरुले सहयोग गरिएको

## मिरिक बिजुली बिभाग

मिरिक विद्युत विभागले बिजुली आपूर्तिमा भइरहेको अनियमितता बारेमा उपभोक्ताहरुलाई स्पष्टीकरण दिएको छ । बिभागका मिरिक स्टेसन म्यानेजर ऋषि पल, एसिस्टेन्ट चार्जमेन सुनिल क्षेत्री अनि लाईन इन्चार्ज पिबि प्रधानले बिजुली अनियमितताका कारण बारे स्पष्ट गराएका छन्। क्षेत्रमा मौसममा थोरै खराबी आए बिजुली ठप्प हुने गुनासोहरु उपभोक्ताहरुबाट लगातार आइरहेको थियो। सोही तथ्यलाई ध्यानमा राख्दै मिरिक विद्युत विभागद्वारा उपभोक्ताहरुलाई कारणबारे थाहा गराइएको छ। बिभागले हाल मिरिकमा कर्मचारीहरुको संख्या कम भएको कारण लाइन मर्मती समयमा हुन हुन नसकेको बताए।

## श्रद्धा यात्रा

एडवर्ड्स फाउण्डेशनद्वारा शुरु गरिएको श्रद्धा यात्राको तेस्रो सप्ताहमा बन्द रहेको सिडर्स चिया बगानबाट १८ जनालाई नेपाल इलामस्थित माँ पाथिभरा माता मन्दिरको दर्शनको निम्ति प्रस्थान गराएका छन्। यात्राको शुभारम्भ गर्नको निम्ति आईजीजेएफका केन्द्रीय तथा स्थानीयनेताहरु उपस्थित थिए। उनीहरुले श्रद्धा यात्राले समाजमा अध्यात्मिक मुल्यलाई बृद्धि गर्ने बताए।

**मौसम**

राज्यमा आगामी केहि दिनसम्म भारी वर्षा जारी रहने मौसम बिभागले जनाएको छ। उत्तर बंगालको कालिम्पोंग, मालदा अनि दक्षिण दिनाजपुरमा वर्षाको सम्भावना छ भने भोलि दार्जिलिंग जलपाईगुड़ी अनि उत्तर दिनाजपुरमा वर्षाको अनुमान गरिएको छ। बिहिबारदेखि उत्तर बंगालको पांच जिल्लाहरुमा वर्षा अझ तिब्र हुनेछ, जो सप्ताहांतसम्म जारी रहन सक्नेछ।अर्कोतिर दक्षिण बंगालको कोलकाता समेत आठ जिल्लाहरुमा अधिकदेखि अत्यधिक बर्षको अलर्ट जारी गरिएको छ भने उत्तर बंगालमा 31 जुलाईदेखि वर्षा तिब्र हुनेछ।

**होमस्टे वेलफेयर एसोसिएसन**

जोरबङ्गलो-सुकेपोखरी खण्ड होमस्टे वेलफेयर एसोसिएसनको साधारण सभा आज सुकेपोखरी बजारमा सम्पन्न भयो।

***********